# मिति २०७५/०१/०७ गते वसेको जि.स.स. वैठकको निर्णयहरु :

१. जि.स.स. उप-प्रमुखज्यूको संयोजकत्वमा का.म.पा. ३२ स्थित बटुक भैरव बालुवा प्रशोधन उद्योगको अनुगमन गर्न गठित उप समितिबाट प्राप्त प्रतिबेदन उपर प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वको समितिबाट निर्णय समेत भै सकेको बैठकलाई जानकारी गराइयो । उक्त प्रतिबेदन र निर्णय website राख्ने निर्णय गरियो । साथै कागेश्वरी मनोहरा नगरपालिका भित्रका वासिङ्ग उद्योग र खानीहरुको अनुगमन गर्न जि.स.स. सदस्य कृष्ण लम्सालको संयोजकत्वको उपसमितिबाट प्राप्त प्रतिबेदन जानकारी तथा आवश्यक कार्यान्वयनका लागि सम्बन्धित नगरपालिकामा पठाउने र सो को बोधार्थ प्रमुख जिल्ला अधिकारीलाई पनि दिने निर्णय गरियो ।

२. जि.स.स. का सदस्य उद्धब भण्डारी र सदस्य शीला चर्मकारको संयोजकत्वमा गठित समितिहरुको हालसम्मको कार्य प्रगति संयोजकहरुले बैठकलाई गराउनु भयो । यी समितिहरुले आगामी नियमित बैठकमा प्रतिबेदन पेश गर्ने निर्णय गरियो ।

३. नागार्जुन नगरपालिकाबाट नगरकार्यपालिका भवन र वडा कार्यालय भवन निर्माणका लागि नगरपालिकाको मिति २०७४/११/२२ च.नं ४४३१ को पत्रबाट सिफारिस माग भई आएको सन्दर्भमा उक्त नगरपालिकाको भूकम्पबाट क्षति भई नयां निर्माण गर्नुपर्ने नगरपालिका र वडा कार्यालयको भवन निर्माणको लागि आवश्यक पर्ने वजेट व्यवस्था गरिदिनका लागि भूकम्पीय आवास पुनर्निर्माण आयोजना, केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ, ज्वागल ललितपुरमा सिफारिस गर्ने निर्णय गरियो ।

४. जि.स.स.को लागि स्वीकृत अन्तरिम दरबन्दीको तुलनामा हाल कार्यरत स्थानीय तहका कर्मचारीहरुको संख्या बढी रहेको सन्दर्भमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकाले स्थानीय तहतर्फका सबै कर्मचारीलाई ३ वटा प्राथमिकता तोकेर नगरपालिका रोज्न लगाई जि.स.स.मा राख्नुपर्ने कर्मचारीबारेमा जि.स.स. प्रमुख, उपप्रमुख र जिल्ला समन्वय अधिकारीले निर्णय गरी बाँकी कर्मचारीहरुलाई सम्भव भए सम्म पहिलो रोजाईको स्थानीय तहमा पठाउने निर्णय गरियो ।

५. जिल्ला समन्वय समितिको लागि स्वीकृत पछिल्लो दरवन्दी अत्यन्त न्यून रहेकोले यसबाट जि.स.स.को दैनिक प्रशासन संचालनमा समस्या हुने भएको हुँदा जि.स.स.को दरवन्दी पुनरावलोकन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने र आवश्यक समन्वय/पहल कदमीको लागि जि.स.स. महासंघलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

६. जिल्ला समन्वय समितिको स्थानीय सेवातर्फका स्थायी कर्मचारीहरु मध्ये केहीले हाल सेवाबाट अवकास लिन चाहेको हुँदा त्यस्ता कर्मचारीहरुलाई साविकमा जिल्ला परिषद्‌बाट अनुमोदन भई लागु भएको कर्मचारी विनियमावली वमोजिम (यस अघि जि.वि.स.बाट अवकास लिएका कर्मचारीहरुले प्राप्त गरे सरह) को सेवा सुविधा जि.स.स.को कर्मचारी कल्याण कोषबाट उपलब्ध

गराउन स्वीकृतीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

७. साविक जिल्ला विकास समितिको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई विभिन्न जिल्ला परिषद्‌बाट पारित उपदान सम्वन्धी व्यवस्थालाई आ.व. २०६४/०६५ को जिल्ला परिषद्‌बाट पारित **कर्मचारी प्रशासन विनियमावली-२०६४** वमोजिम सेवाबाट अवकास हुँदा उपलव्ध गराउनु पर्ने सेवा सुविधाका लागि २०७४ असारमसान्तसम्मको लागि हुन आउने संलग्न विवरण वमोजिमको नपुग रकम रु. ५,३७,०९,९२९।५२ जि.स.स.को कृषि विकास वैंक, रामशाह पथमा रहेको कर्मचारी कल्याण कोष खातामा जि.स.स. आन्तरिक कोषबाट व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग सहमति माग गर्ने निर्णय गरियो ।

८. जिल्ला प्राविधिक कार्यालय मार्फत RRRSDP अन्तर्गत निर्माण भईरहेको खड्‌कागाउँ-पुरानो नैकाप-कंकाली मन्दिर-ईन्द्रदह सडक (RRRSDP/KTM/RR/NCB-01) को निर्माण सम्बन्धमा जिल्ला प्राविधिक कार्यालयबाट नियमानुसार बोलपत्र मूल्यांकन भई स्वीकृतिका लागि प्राप्त श्री सपना/पि.आर. जे.भि. वालकुमारी ललितपुरको रु. १८,२९,२९,९६३।६७ (मु.अ.कर सहित) को बोलपत्र स्वीकृत गर्ने जि.स.स. कार्यालयको मिति २०७४/१२/२२ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

९. साँखु स्थित शालीनदीमा जिल्ला प्राविधिक कार्यालय मार्फत निर्माण भै रहेको पुल मिति २०७४/१२/२४ मा भत्किएको ले यस्तो घटना दोहोरिन नदिन सचेतना अपनाउन, उक्त पुल लगायत DTO मार्फत निर्माण भैरहेका अन्य योजनाहरुको गुणस्तर कायम राख्दै समयमै सम्पन्न गराउन र शाली नदीको उल्लेखित पुल निर्माण बर्षात अगावै सम्पन्न हुन नसक्ने भए उक्त पुल निर्माणको कारण यातायात अवरुद्ध नहुने गरी बैकल्पिक व्यवस्थाका लागि समयमै ध्यान पुर्‍याई आवश्यक कार्य गर्न जिल्ला प्राविधिक कार्यालय, काठमाडौंको ध्यानाकर्षण गराउने ।

८. नागढुंगा-कलंकी मुलसडक बिस्तारको कममा बलम्बुमा रहेको जि.स.स.को जग्गाको कम्पाउण्ड वाल भत्किएकोले यथाशिघ्र पर्खाल नलगाएमा जग्गा अतिकमण हुनसक्ने भएकाले सम्बन्धित सडक आयोजना सँग समन्वय गरी आयोजनाको तर्फबाट गर्न सकिने जति निर्माण कार्य तत्काल गरिदिन अनुरोध गर्ने, आयोजनाले लगाउन नसक्ने पर्खालको लागि जि.स.स. ले आवश्यक पहल गर्ने ।

१०. ढुंगा गिट्टी वालुवाको २ नं. ठेक्काको ठेकेदारले जि.स.स.लाई वुझाउन वाँकी रकम रु. १,८०,५०,०००।०० रहेको र पटक पटक ताकेता गर्दा पनि ढिलाई गरिरहेकोले वाँकी रकम वुझाउन मिति २०७५ वैशाख १९ गतेसम्म अन्तिम मौका दिई उक्त मिति भित्र रकम चुक्ता नगरे प्राईम वैंक, वालाजु शाखामा रहेको वैंक ग्यारेण्टीबाट रकम खिच्ने, जि.स.स.मा रहेको धरौटी जफत गर्ने लगायतका कार्य गरी जि.स.स.को आगामी वैठकमा प्रगति पेश गर्ने ।

११. नयाँ वर्ष २०७५ को अवसरमा काठमाडौंवासी दिदी वहिनी तथा दाजुभाई लगायत सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।